## मिति २०८३/२/२२ गते बसेको १८२ औं कार्यपालिका बैठकको प्रस्ताव/निर्णयहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. वडा नं. ५ को विवाह दर्ता रद्धको लागि सिफारिस गर्ने सम्बन्धमा ।

३. बाघमारा बहुउद्देश्यीय खेल मैदानको DPR र IEE का लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

४. वडा नं. ६ मा फिजिकल एण्ड डिजिटल रोड म्यापिङ्ग, हाउस नम्बरिङ्ग र जेब्रा क्रसिङ्ग कार्यका लागि बजेट विनियोजन सम्बन्धमा ।

५. हरियाली पार्कको लागि प्रदेश सरकार र नगरपालिकाको ६०/४० लगानी र आम्दानी बाँडफाँडका लागि सिफारिस गर्ने सम्बन्धमा ।

६. सार्वजनिक सेवा प्रवाह तथा संस्थागत क्षमता विकास समितिको संयोजक सम्बन्धमा ।

७. नगरस्तरीय वन वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

८. १९ औं नगरसभाको मिति, समय र स्थान तोक्ने सम्बन्धमा ।

९. वडा नं. २ र १० को संचालन हुन नसकेका योजनाबाट नयाँ योजना संचालन गर्ने सम्बन्धमा ।

१०. नगरस्तरीय विधायन समितिबाट पेश भएको कार्यविधिहरुको छलफल पारित गर्ने सम्बन्धमा ।

११. भवन नक्सा डिजाइन स्टक्चरको लेवर नर्म्स स्वीकृत सम्बन्धमा ।

१२. अन्य/विविध

क. नक्सा पास सम्बन्धमा ।

### निर्णयहरु

#### निर्णय नं. १

यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको सार्वजनिक सेवा प्रवाहको बिषयमा समीक्षा गरियो। साथै यस रत्ननगर नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका बिषयहरुमा आएका गुनासोहरु सम्बोधन गर्दै सेवा प्रवाहलाई जनमैत्री र पारदर्शी बनाउने बिषयमा सबै पक्षले आ-आफ्नो पक्षबाट जिम्मेवारी बहन गर्ने र सेवा प्रवाहलाई थप सुशासनयुक्त बनाउने निर्णय गरियो।

#### निर्णय नं. २

रत्ननगर नगरपालिका वडा न ५ बस्ने दुर्गाबहादुर थापाले झुटा विवरण दिई नुवाकोट जिल्ला विदुर नगरपालिका वडा न ९ बस्ने रुकमिणी रिजालसँग वदरयोग्य विवाह दर्ता भएको भनि रत्ननगर नगरपालिका वडा न ५ कार्यालयबाट विवाहदर्ता प्रमाणपत्र नं २०४८०२२३०३७६९-२०४५०५१२०८३०७-४ खारेजीका लागि लेखि आएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा २४ मा भएको व्यवस्था अनुसार घटना दर्ता प्रमाणपत्र खारेजीको अधिकार स्थानीय अधिकारी(प्रमुख जिल्ला अधिकारी) मा रहेको हुँदा सोही अनुसार निज दुर्गा बहादुर थापा र रुकमिणी रिजालको विवाह दर्ता मिति २०८२।०२।१८, दर्ता न.

२०८३/०२/२२
प्रकाश खनाल
प्रशासकीय अधिकृत

२०४८०२२३०३७६९-२०४५०५१२०८३०७-४ को विवाहदर्ता रद्ध (खारेजी) को सहजिकरणका लागि स्थानीय अधिकारीलाई नगरपालिका मार्फत पत्राचार गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

आगामी आ.व मा योजना संचालन गर्नका लागि यस रत्ननगर नगरपालिका वडा नं. ८ मा रहेको बाघमारा बहुउद्देश्यीय खेल मैदान निर्माणका लागि DPR र IEE तयार गर्नका लागि नगरस्तरी चालु भैपरी आउने चालु कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरि रु.५०००००/- (पाँच लाख मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस रत्ननगर नगरपालिका वडा नं. ६ को सौरहा क्षेत्रमा फिजिकल एण्ड डिजिटल रोड म्यापिङ्ग, हाउस नम्बरिङ्ग र जेब्रा क्रसिङ्ग कार्य अन्तरगत पहिलो चरणको पोल जडान कार्यका लागि नगरस्तरीय चालु बजार व्यवस्थपापन राजश्व परीचालन शिर्षकबाट रु.३०००००/- (तीन लाख मात्र) र यस रत्ननगर नगरपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुमा सचेनामुलक नाटक मन्चनका लागि नगरस्तरीय कार्यक्रम खर्च शिर्षकबाट व्ययभार पर्ने गरि रु.५०००००/- (पाँच लाख मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस रत्ननगर नगरपालिका वडा नं. १० मा निर्माणाधिन रहेको रत्ननगर हरियाली पार्कको लागत अनुमान बमोजिम बाँकी रहेको काम सम्पन्न गर्नका लागि बाँकी आवश्यक पर्ने बजेट रु. १४ करोड ४० लाखको ४० प्रतिशत रकम (रु. ५ करोड ७६ लाख) यस रत्ननगर नगरपालिका र ६० प्रतिशत रकम (रु.८ करोड ६४ लाख) रकम बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयको लागत साझेदारीमा सम्पन्न गर्ने र सो पार्कको निर्माण कार्य सम्पन्न भई संचालन भए पश्चात हुने कुल आम्दानी ४० प्रतिशत यस नगरपालिकाले लिने बाँकी ६० प्रतिशत रकम प्रदेश सरकारको संचित कोषमा दाखिला हुने गरि आयोजना निर्माण कार्य अगाडी बढाउन बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मिति २०८१/६/१० गतेको नगरकार्यपालिकाबाट पुर्नगठन भएको यस रत्ननगर नगरपालिकाको बिषयगत समिति अन्तरगत सार्वजनिक सेवा प्रवाह तथा संस्थागत क्षमता विकास समितिको संयोजक वडा नं. ३ का वडा अध्यक्ष श्री सोहेन्द्रराज खरेल सामाजिक विकास समितिको संयोजकमा मनोनयन हुनु भएकाले नीजको सट्टा सार्वजनिक सेवा प्रवाह तथा संस्थागत क्षमता विकास समितिको संयोजक पदमा वडा नं. ६ का वडा अध्यक्ष श्री किरण महतोज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नगरस्तरीय वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८२/२/१९ गतेको बैठकको निर्णयबाट अनुमोदनका लागि यस सम्मानित बैठकमा पेश भएको देहायको निर्णयहरु अनुमोदन गरियो ।

देहाय

१. रत्ननगर नगरपालिकाका विभिन्न वडा कार्यालयको विभिन्न मितिमा प्राप्त पत्रानुसार सम्बन्धित वडाहरुमा विपद्जन्य घटना भई क्षति भएको तथा घर चुहिने समस्या भएको हुँदा वर्षायाममा समस्या हुने भनी राहत सहयोग तथा पूर्वतयारीको लागि वडा कार्यालय मार्फत सिफारिस भएनुसार आ.व. ०८२/०८३ को वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको विपद् व्यवस्थापन कोष बजेट शिर्षकबाट तपशिल बमोजिमको राहत सहयोग भुक्तानी गर्ने

| क्र.सं. | नाम थर | ठेगाना | राहत सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री ललित बहादुर ढुङ्गाना | र.न.पा-५ | रु .२५,०००।- | हावाहुरी |
| २. | श्री भक्त महतो | र.न.पा-१ | रु. १५,०००।- | जिर्ण (पुनर्निमाण) |
| ३. | श्री कृष्ण प्रणामी सेवा समिति | र.न.पा-१० | रु. ५०,०००।- | हावाहुरी |
| ४. | श्री नन्दमाया श्रेष्ठ | र.न.पा-१३ | रु. २५,०००।- | जिर्ण (पुनर्निमाण) |
| ५. | श्री रविना श्रेष्ठ | र.न.पा-१४ | रु. २५,०००।- | हावाहुरी |
| ६. | श्री महमद अहमद मिया | र.न.पा-४ | रु. १२,०००।- | हावाहुरी |
| ७. | श्री अर्जुन कुमाल | र.न.पा.-१ | रु. २०,०००।- | जिर्ण (पुनर्निमाण) |
| ८. | श्री कुल बहादुर माझी | र.न.पा.-१३ | रु. १२,०००।- | हावाहुरी |
| ९. | श्री कृष्ण कुमारी सार्की | र.न.पा.-१३ | रु. २०,०००।- | हावाहुरी |
| १०. | श्री राम तामाङ्ग | र.न.पा-१२ | रु. १२,०००।- | जिर्ण (पुनर्निर्माण) |
| ११. | श्री नारायणी सुवेदी | र.न.पा.-१४ | रु. १२,०००।- | हावाहुरी |
| १२. | श्री खेमराज तिमिल्सिना | र.न.पा-१ | रु. १५,०००।- | हावाहुरी |
| १३. | श्री गंगादेवि पन्त | र.न.पा-१२ | रु. २०,०००।- | जिर्ण (पुनर्निर्माण) |
| १४. | श्री पवित्रा काप्री | र.न.पा-१४ | रु. १०,०००।- | हावाहुरी |
| १५. | श्री बेल्सी आधारभूत विद्यालय | र.न.पा-३ | रु. २,१५,०००।- | हावाहुरी |
| १६. | श्री उषा शिवाकोटी | र.न.पा-३ | रु. १०,०००।- | हावाहुरी |
| १७. | श्री मिना तामाङ्ग | र.नपा.-११ | रु. २३,०००।- | हावाहुरी |
| १८. | श्री रेनुका रेग्मी | र.न.पा-१२ | रु .२३,०००।- | जिर्ण (पुनर्निर्माण) |
| १९. | श्री गिता कुमाल | र.न.पा-१२ | रु.२३,०००।- | जिर्ण (पुनर्निर्माण) |
| २०. | श्री निपनी ब्रम्हस्थान मन्दिर | र.न.पा-१ | रु.३०,०००/- | हावाहुरी |
| २१. | श्री राष्ट्रिय आधाभुत विद्यालय देवौली | र.न.पा.-४ | रु.१०००००/- | हावाहुरी |

<u>निर्णय नं. ८</u>

यस रत्ननगर नगरपालिकाको १९ औं नगरसभा मिति २०८३/३/५ गते शुक्रबारका दिन बिहान ७:०० बजे रत्ननगर नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो । साथै नगरसभामा पेश गर्ने निति कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, लगायतका बिषयहरु तयार गरि मिति २०८३/३/२७ गते भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न वडा कार्यालयहरु र बिषयगत समितिहरुलाई निर्देशन समेत दिई सो सम्बन्धी कार्य अगाडी बढिरहेको व्यहोरा समेत यस बैठकमा जानकारी भयो ।

२०८२/०२/२२
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

यस रत्ननगर नगरपालिका वडा नं. २ र १० को कार्यालयले यस आ.व. मा विनियोजित देहायका योजनाहरु संचालन हुन नसक्ने र ती आयोजनाहरुमा विनियोजित बजेटबाट अति आवश्यक परेका अन्य आयोजनाहरुमा बजेट शिर्षकान्तर गरि योजना संचालन गर्नका लागि सिफारिस गरिदिन वडा समितिको बैठकको निर्णय सहित यस बैठमा प्रस्ताव पेश गरेकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरि योजनाहरुको रकमान्तर गरि नयाँ योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | आ.व. २०८२/०८३ मा स्वीकृत योजनाको नाम | विनियोजित बजेट | शिर्षकान्तरका लागि सिफारिस गरिएको योजनाको नाम | रकम | रकमान्तर गर्नुपर्ने कारण | वडा नं. |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा मन्दिर पुन निर्माण कालीभैरब टोल | ६०००००/- | अनामनगर टोल र चित्रवन टोलको बाटो ढलान | ९६०००० | दुर्गा मन्दिर यपभोक्ता समितिले माग गर्न नसक्ने भनि निवेदन दिइएको | २ |
| २ | मठ मन्दिर मस्जिद लगायत संघ संस्था लगायत पुर्वाधार निर्माण | ३६०००० | | | | |
| ३ | बैरिया मा.वि. को शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ७०००००/- | वडाको विभिन्न टोलहरुमा अधुरो अवस्थामा रहेको सि.सि. क्यामेरा जडान विस्तार कार्य | ७००००० | वडाको विभिन्न टोलबासीहरुको माग बमोजिम | १० |

निर्णय नं. १०

नगरस्तरीय विद्यायन समितिबाट पेश भएका तपसिलका कार्यविधिहरुको बिषयमा छलफल गरियो । छलफल पश्चात कार्यविधिहरुका बिषयमा उठेका बिषयहरु संबोधन गरि देहायका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क. टिकौली बहुसांस्कृतिक ग्राम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३

ख. स्थानीय तहमा सडक सुरक्षा प्रवर्द्धन गर्न बनेको कार्यविधि २०८३

निर्णय नं. ११

यस रत्ननगर नगरपालिकाबाट निर्माण हुने सार्वजनिक भवनहरुको नक्सा डिजाइन स्टक्चरको लेवरका लागि देहायको नर्म्स स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

**Norms for Estimate,Structural analysis and drawing public building**

| S.No | Description | Person/Quantity | Unit | Months |
|---|---|---|---|---|
| A | **Salary of Personnel (remuneration)** | | | |
| | **Key Staff** | | | |
| 1 | Structure Engineer | 1 | No | 0.40 |
| 2 | Civil Engineer | 1 | No | 0.30 |
| 3 | Draft Person | 1 | No | 0.25 |
| B | **Out of pocket expenses** | | | |
| 1 | Transportation | 1 | LS | |
| 2 | Tools and Equipments for Survey | 1 | LS | |
| 3 | Stationery and logistic support | 1 | LS | |

निर्णय नं. १२ अन्य/विविध

निर्णय नं. १२ अन्य/विविध क.

यस रत्ननगर नगरपालिका वडा नं. ३ मा शान्तीचोक सविक देवौली १/घ भै कि.न. २२८१, २२८९, २२८७, २२७९, २२८३, २२७६, २२७८, २२८५ र ६६५ को ज.वि. ९५८८.७७ ब. मी. जगग्मा निर्माणाधिन भाट भटेनी सुपर मार्केट एण्ड डिपान्टमेन्टल स्टोर प्रा.लि. वन तथा वडा नं. ६ गैडाचोकमा सविक बछ्यौली २ को कि.नं. ६५६, ६५७, ५५५, ८७३, ८७५, ८७७, १३६०, ९२३ को ज.वि. १४७१३.४० ब.मी. जग्गामा निर्माणाधिन होटेल पार्क ल्याण्ड प्रा.लि. को नयाँ होटल भवनको यस नपामा पेश भएको विस्तृत नक्सा डिजाइनको भवनहरुको संरचना विस्तृत परियोजना नक्सा लगायतका प्राविधिक प्रतिवेदनहरु नेपाल सरकारको वर्तमान प्रचलित भवन निर्माण सहिंताले तोकर्को मापदण्ड पुरा भएकाले उक्त भवनहरुको नक्सा पास प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२०८१/८/२२
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत